गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भएपश्चात् साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट एकीकृत वित्तीय कारोबार सञ्चालन गर्ने सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०३/०८

कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०५८/०३/२२, दर्ता नं १०५६३५ मा दर्ता भई नेपाल राष्ट्र बैंकबाट मिति २०७६/०२/२१ मा "घ" वर्गको लघुवित्त वित्तीय संस्थाको रुपमा कारोबार गर्न स्वीकृति प्राप्त गरेको बबरमहल, का.म.न.पा. ११, काठमाडौँमा केन्द्रीय कार्यालय रहेको **साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड** र कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०५५/०७/१३, दर्ता नं. ६९२/०५५/०५६ मा दर्ता भई नेपाल राष्ट्र बैंकबाट मिति २०७६/०१/३१ मा "घ" वर्गको लघुवित्त वित्तीय संस्थाको रुपमा कारोबार गर्न स्वीकृति प्राप्त गरेको मध्य बानेश्वर, का.म.न.पा. १० मा केन्द्रीय कार्यालय रहेको **आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेड** नामबाट दर्ता नामाकरण पाएका दुवै वित्तीय संस्थाहरु (कम्पनीहरु) एकआपसमा गाभ्ने/गाभिने (मर्जर हुने) सन्दर्भमा मिति २०७९/१२/१० मा अलग अलग सम्पन्न दुवै वित्तीय संस्थाका (कम्पनीका) वार्षिक साधारण सभाहरुबाट पारित विशेष प्रस्ताव, नेपाल राष्ट्र बैंकबाट मिति २०८०/०२/२४ मा प्राप्त अन्तिम स्वीकृति, नेपाल धितोपत्र बोर्डबाट मिति २०८०/०३/४ मा प्राप्त अन्तिम स्वीकृति तथा नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रार को कार्यालय त्रिपुरेश्वर काठमाडौँबाट गाभ्ने/गाभिने अन्तिम दिनसम्म कायम रहने दुवै संस्थाको सम्पूर्ण चलअचल सम्पत्ति तथा दायित्वहरु साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले सकार्ने गरी मिति २०८०/०३/०७ मा प्राप्त स्वीकृति बमोजिम गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भएपश्चात् साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट मिति २०८० असार २४ गते आईतबार देखि एकीकृत वित्तीय कारोबार सञ्चालन गरिने बेहोरा समस्त साझेदार संस्थाहरु, ग्राहकवर्ग, शेयर धनी महानुभावहरु, नियमनकारी निकाय तथा अन्य सम्बन्धित सम्पूर्ण महानुभावहरुलाई यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

आरएमडीसी लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरुले समेत २०८० असार २४ गतेबाट **साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको** प्रादेशिक/शाखा/इलाका कार्यालयको रुपमा कारोबार सञ्चालन गर्ने छन् । दुवै वित्तीय संस्था (कम्पनी)को सम्पूर्ण हरहिसाब र तथ्याङ्कलाई एकल बैंकिङ्ग सफ्टवेयरमा समायोजन (Data Migration) गर्ने प्रयोजनको लागि मिति २०८०/०३/२२, शुक्रबार अपरान्ह ३:०० बजेदेखि मिति २०८०/०३/२४, आईतबार बिहान ९:०० बजेसम्म दुवै संस्थाको वित्तीय संस्था (कम्पनी)को सम्पूर्ण वित्तीय सेवा तथा कारोबार तथा अन्य सेवा बन्द रहने बेहोरा जानकारी गराउँदछौं र यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधा प्रति क्षमाप्रार्थी छौँ ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौँ ।
फोन न : ०१-४१११८९५
इमेल : info@skbbl.com.np
वेबसाइट : www.skbbl.com.np

आरएमडीसी लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, मध्य बानेश्वर, काठमाडौँ ।
फोन न : ०१-४५६८०४३
इमेल : rmdc@rmdcnepal.com
वेबसाइट : www.rmdcnepal.com